मितिः २०८३/३/४
समयः दिनको १:०० बजे

आज मिति २०८३ साल आषाढ महिनाको ४ गते बिहिबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको अड्चालिसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सोविता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख | अधिकृत स्तर आठौं श्री रामजी रायमाझी | |
| २. | स्वास्थ्य शाखा प्रमुख | हरि प्रसाद उपाध्याय | |
| ३. | राजस्व शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ४. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ५. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ६. | प्रशासन शाखा | ~~प्रा.स~~. श्री रामबाबु बस्नेत | |
| ७. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, श्री मालती भण्डारी | |

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८३/३/४ गतेको अडचालिसौं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.१:- १७ औं नगरसभा तथा नगर सभा तयारी सम्बन्धमा ।

आर्थिक वर्ष ०८३/०८४ को लागि मिति २०८३/०३/१० गते बिहान ११:०० बजे नगरपालिकाको सभा हलमा नगर सभा प्रारम्भ गर्ने निर्णय गरियो । नगरसभा तयारीका लागि मिति २०८३/०३/०५ गते बस्ने बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र मिति २०८३/०३/०८ गते बस्ने कार्यपालिका बैठकबाट निर्णय तथा सिफारिस गराई नगरसभामा पेश गर्ने र नीति तथा कार्यक्रमको मस्यौदा,बजेट तथा कार्यक्रमको खाका, आर्थिक ऐन तथा विनियोजन ऐन र नगर सभा संचालनको लागि साविकमा गरिएको जस्तै प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा मिति २०८३/०२/०४ मा गठित तयारी समितिबाट भई रहेको तयारीलाई अनुमोदन गर्ने र नगरसभा तयारीको काममा लागिरहेका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतबाट सदस्यहरु तोकी कार्यविभाजन गर्ने र बढीमा ४५ दिन सम्मको अतिरिक्त सुविधा उपलब्ध गराउने समेत निर्णय गरियो ।

निर्णय नं.२:- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस एवं वडागत बजेट सिलिङ सम्बन्धमा।

मिति २०८३/०३/०३ गते वसेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितको बैठक बसि सिफारिस भए बमोजिम साविक बमोजिम नै शाखागत बजेट सिलिङ हुने गरी वडागत बजेट शिलिङ प्रति वडा रु४,००,००,०००/- (रु चार करोड मात्र) हुने गरी वडा सिलिङ पठाउने निर्णय गरियो ।

निर्णय नं.३:- विविध सम्बन्धमा ।

३.१) यस नगरपालिका स्थित वडा नं.४ मा रहेको गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, व्यवस्थापन, जिर्णोद्वार तथा विकासका लागि बनेको " गोकर्णेश्वर महादेव मन्दिर संरक्षण, व्यवस्थापन, जिर्णोद्वार तथा विकास सम्बन्धी कार्यविधि, २०८३ पारित गर्ने निर्णय गरियो ।

३.२) जनस्वास्थ्य सेवा ऐन, २०७५ जनस्वास्थ्य सेवा नियमावली,२०७७ र स्वास्थ्य संस्था संचालन,स्तरोन्नती मापदण्ड २०७८ (प्रथम संशोधन) अनुसार स्वास्थ्य संस्थाको ईजाजत तथा थप ईजाजत पाउँ भनी निवेदन पेश हुन आएको तपशिलको क्लिनिकलाई अनुगमन समितिको स्थलगत प्रतिवेदनका आधारमा प्रचलित कानुन बमोजिम हुने गरी संचालन गर्न दर्ता अनुमति, ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | सेवा |
|---|---|---|---|
| १ | स्विफ्ट केयर प्याथोलोजो एण्ड क्लिनिक | गो.न.पा.,७ | १) बहिरङ्ग सेवा सहित प्राथमिक उपचार<br>२) प्याथोलोजी "डी" वर्गको ल्याव सेवा<br>१) फिजियो थेरापी |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८३/३/४ गतेको अडचालिसौं कार्यपालिका बैठकको निर्णय

३.३) शहरी स्वास्थ्य केन्द्र जोरपाटीका लागि अति आवश्यक DIGITAL PROBE मसिन खरिदका लागि आ.ब.०८२/०८३ को स्वास्थ्य तर्फको स्वास्थ्य संस्थाहरुमा विजुली, पानी, फोहोर मैला, ईन्टरनेट र टेलिफोन महशुल भुक्तानी शिर्षकबाट खर्च लेखिने गरी रु.७,००,०००/- बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

३.४) वडा नं.९ को सामुदायिक भवन जाने सडक स्तरोन्नतीको लागि आ.ब.०८२/०८३ को भुक्तानी दायित्व पूँजिगत शिर्षकबाट रु.१०,००,०००/- खर्च लेखिने गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

३.५) नगरपालिका कार्यालयको घरभाडा भुक्तानीका लागि रकम अपुग भएको हुनाले आ.व.०८२/०८३ को प्रशासन योजना तथा अनुगमन र आर्थिक प्रशासन तर्फको करार सेवा शुल्कबाट खर्च लेखिने गरी रु.१६,००,०००/- बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

३.६) नेपाल अर्थोपेडिक अस्पताल, वडा नं. ६ नारायणटारको लागि अति आवश्यक five para patient monitor खरिद गरी उपलब्ध गराएकोमा सो को भुक्तानी वडा नं.९ कार्यालयको मिति २०८३/०३/०३ को सिफारिस बमोजिम आ.ब.०८२/०८३ को वडा स्तरीय पूर्वाधार विकास क्र.स.१४ को हातेमालो सडक स्तरोन्नती शिर्षकबाट खर्च लेखिने गरी रु५,००,०००/- बजेट व्यवस्था गर्ने निर्णय गरियो।

३.७) पूर्ण खोप सम्बन्धमा गत आ.ब.जस्तै यस आ.व.मा पनि वडा नं.१ देखि वडा नं.९ सम्मको वडा खोप समन्वय समितिबाट पूर्ण खोप निरन्तरताको निर्णय भई आएको र नगर स्तरीय खोप समन्वय समितिबाट समेत पूर्ण खोप निरन्तरताको निर्णय तथा सिफारिस भई आएकोले पूर्ण खोप निरन्तरता गर्ने निर्णय गरियो ।

३.८) चालू आ.ब.०८२/०८३ को देहायको शिर्षकहरुमा अपुग भएको रकम देहाय बमोजिम शिर्षकहरुबाट रकमान्तर गरी खर्च लेख्ने निर्णय गरियो ।

| क्र.स. | रकम अपुग भएका शिर्षकहरु | अपुग रकम | रकमान्तर गरी खर्च लेखिने शिर्षक |
|---|---|---|---|
| १ | नगरस्तरीय शिक्षा, स्थानीय पाठ्य पुस्तक | रु१४,००,०००/- | नगरतरीय युवाखेलकुदको राष्ट्रपति रनिङ सिल्ड शिर्षकबाट |
| २ | नगरस्तरीय स्वास्थ्य, स्वास्थ्य विमा | रु४३,०३,०००/- | नगरस्तरीय प्रशासन तर्फको पारिश्रमिक कर्मचारी शिर्षकबाट |
| ३ | नगरस्तरीय गौरवको योजना, माकलवारी पुल | रु८,००,०००/- | नगरस्तरीय गौरवको योजना नगर अस्पताल |
| ४ | नगरस्तरीय स्वास्थ्य, विभिन्न अस्पतालहरु संगको सम्झौता बमोजिम स्वास्थ्य सेवा | रु१४,००,०००/- | नगरस्तरीय स्वास्थ्य, जेष्ठनागरिक उपचार घरदैलो कार्यक्रम |

३.९ आ.ब.०८३/०८४ का लागि राजस्व परामर्श समितिबाट सिफारिस भई आएको निकासी कर र विज्ञापन करको अनुमान बमोजिम ठेक्का आव्हानको सूचना ०८३ आषाढ मसान्त गर्ने निर्णय गरियो ।